राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३२४ २०८३ असार ९ गते मंगलवार (23 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## आँप महोत्सवमा ५० लाखको कारोबार



दैनिक समाचारदाता
जनकपुरधाम ८ असार । धनुषाको वटेश्वर गाउँपालिका-१ चित्रपुरमा सम्पन्न तीनदिने आँप महोत्सवमा करिब ५० लाख रुपैयाँ बराबरको कारोबार भएको आयोजकले जनाएको छ। वटेश्वर गाउँपालिका, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना तथा चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभको संयुक्त आयोजनामा सम्पन्न महोत्सवमा स्थानीय उत्पादनको प्रवर्द्धनसँगै उल्लेखनीय व्यापार भएको आयोजकमध्येका एक दीपेन्द्र सिंहले जानकारी दिए। फलफूलका राजा मानिने आँपका विभिन्न जात तथा त्यसबाट बनेका परिकारहरू महोत्सवको मुख्य आकर्षण बनेका थिए। मेलामा मालदह, मुम्बई, जर्दालु, दशहरी, गुलाब खास, आम्रपाली र आम्रमल्लिका जातका आँपको बिक्री उल्लेखनीय रहेको स्थानीय व्यापारीहरूले बताएका छन्। महोत्सवमा प्रतिकिलो आँप ३० देखि ६० रुपैयाँसम्ममा बिक्री गरिएको थियो। पाकेका आँपका साथै काँचो आँप, आँपबाट बनेका विभिन्न परिकार तथा अचारका स्टलहरू पनि राखिएका थिए, जसले आगन्तुकहरूको ध्यान आकर्षित गरेका थिए। विगत केही वर्षदेखि चित्रपुरमा नियमित रूपमा आँप महोत्सव आयोजना हुँदै आएको छ।

*बाँकी पृष्ठ ४मा*

# ई-पासपोर्ट प्रकरणमा १६ जनाविरुद्ध मुद्दा

दैनिक समाचारदाता
काठमाडौं, ८ असार । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विद्युतीय राहदानी (ई-पासपोर्ट) छपाइ प्रक्रियामा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १६ जना तथा दुई विदेशी कम्पनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले सोमबार विशेष अदालत, काठमाडौंमा दायर गरेको मुद्दामा राहदानी विभागका महानिर्देशक अर्याल, सूचना प्रविधि निर्देशक सुनिलकुमार केसी, तत्कालीन निर्देशक रविन्द्र राजभण्डारी, लेखा अधिकृत तुलसीप्रसाद आचार्य, कम्प्युटर इन्जिनियर विपिन प्रसाई, तत्कालीन शाखा अधिकृत सोमेश थापालगायत विभिन्न सरकारी अधिकारीलाई प्रतिवादी बनाएको छ।

त्यसैगरी परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिवहरू राजाराम दाहाल, भेषप्रसाद भुर्तेल र पुष्करराज नेपालसहित जर्मन कम्पनी भेरिडोसका नेपाल प्रतिनिधि सिद्धार्थ थापा तथा मुलभर कम्पनीका नेपाल प्रतिनिधि मनिन्द्रराज मल्लविरुद्ध पनि मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

अख्तियारका अनुसार राहदानी विभागले आह्वान गरेको ई-पासपोर्ट छपाइसम्बन्धी बोलपत्र प्रक्रियामा सुरुदेखि नै गम्भीर अनियमितता भएको पाइएको छ। अनुसन्धानका क्रममा विभागका अधिकारी तथा कर्मचारी र आपूर्तिकर्ता कम्पनीका प्रतिनिधिबीच मिलेमतो गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत बोलपत्रका सर्त तथा मापदण्ड परिवर्तन गरिएको, मूल्याङ्कन प्रक्रियामा अनियमितता गरिएको तथा निश्चित कम्पनीलाई ठेक्का दिलाउने उद्देश्यले गलत सिफारिस र निर्णय गरिएको आरोप लगाइएको छ।


आयोगले प्रतिवादी कर्मचारीहरूसँग कुल १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४७७ रुपैयाँ बिगो असुलउपरको माग गरेको छ। त्यस्तै मुलभर कम्पनीसँग १ अर्ब ९० करोड ६९ लाख ५७ हजार ३२ रुपैयाँ तथा भेरिडोस कम्पनीसँग ८ अर्ब २२ करोड ३५ लाख ४ हजार ४४४ रुपैयाँ बिगो मागदाबी गरिएको छ।

आयोगले राष्ट्रसेवक कर्मचारीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, जरिवाना र बिगो असुलउपरको सजाय माग गरेको छ। महानिर्देशक तीर्थराज अर्यालमाथि पदको दुरुपयोग गरी भ्रष्टाचार गरेको आरोपमा थप सजायको मागसमेत गरिएको छ।

विदेशी कम्पनी तथा तिनका प्रतिनिधिले भ्रष्टाचारजन्य कार्यबाट प्रत्यक्ष लाभ लिएको ठहर गर्दै उनीहरूलाई पनि मुख्य कसुरदारसरह सजाय हुनुपर्ने मागदाबी आयोगले गरेको छ।

ई-पासपोर्ट छपाइसम्बन्धी यो मुद्दा हालसम्मकै उच्च रकमको भ्रष्टाचार प्रकरणमध्ये एक मानिएको छ। यस प्रकरणको सुनुवाइ विशेष अदालतबाट हुने छ।

## नेकपा एमाले उपाध्यक्ष विष्णु पौडेल पक्राउ



काठमाडौं । नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल पक्राउ परेका छन् ।

पूर्वअर्थमन्त्री समेत रहेका पौडेललाई सम्पत्ति शुद्धीकरण विभागले सुर्खेतबाट पक्राउ गरेको हो । पार्टी कार्यक्रमका लागि सुर्खेत पुगेका उनलाई सुर्खेतबाट पक्राउ गरेर काठमाडौं ल्याउन लागिएको प्रहरीले जनाएको छ ।

पौडेल ललिता निवास जग्गा प्रकरणमा पौडेल मुछिएका थिए । अहिले उनलाई सुर्खेत प्रहरी कार्यालयमा राखिएको छ ।

## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुर्‍याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्न हामी सबैको दायित्व हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बागमतीमा फसेका १४ जनाको उद्धार




दैनिक समाचारदाता
रौतहट, ८ असार । रौतहटको दुर्गाभगवती गाउँपालिका क्षेत्रमा बागमती नदीमा अचानक आएको बाढीका कारण टापुमा फसेका १४ जना स्थानीयवासीको सशस्त्र प्रहरी बलले सकुशल उद्धार गरेको छ।आइतबार अपराह्न करिब पौने ४ बजे दुर्गाभगवती गाउँपालिका-३ स्थित मत्सरीघाट नजिक बागमती नदी पारिबाट मुंगको दाल संकलन गरेर फर्किने क्रममा ११ महिला र तीन बालिका नदीको बीचभागमा रहेको टापुमा अलपत्र परेका थिए। नदीमा एक्कासि पानीको बहाव बढेपछि उनीहरू किनारातर्फ फर्किन नसकी जोखिममा परेका थिए।

घटनाको जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण हेडक्वार्टर तथा मातहतका इकाइबाट सहायक निरीक्षक यज्ञबहादुर योञ्जनको नेतृत्वमा विपद् व्यवस्थापन टोली परिचालन गरिएको थियो। उद्धार कार्यमा १७ जना सुरक्षाकर्मी र एक रबर बोट प्रयोग गरिएको थियो।


सशस्त्र प्रहरीको टोलीले करिब एक घण्टाको प्रयासपछि अपराह्न ५ बजेतिर सबैलाई सुरक्षित रूपमा उद्धार गरी घर पठाएको सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एसपी रामहरि अधिकारीले जानकारी दिए। मनसुन सक्रिय भएसँगै नदी तथा खोलामा पानीको सतह तीव्र रूपमा बढ्न सक्ने भएकाले सशस्त्र प्रहरीले सर्वसाधारणलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ। वर्षायाममा नदी तथा खोलामा आवतजावत गर्दा मौसम तथा पानीको बहावबारे जानकारी लिएर मात्र जोखिमयुक्त क्षेत्रमा जान सुरक्षा निकायले सुझाव दिएको छ।

समयमै उद्धार गरिएकाले सम्भावित मानवीय क्षति टरेको छ। बाढी तथा डुबानको जोखिम बढ्दै गएसँगै रौतहटसहित तराईका जिल्लामा सुरक्षा निकायले उच्च सतर्कता अपनाएका छन्।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

**दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# संविधान संशोधन र समृद्धिको साझा एजेन्डा

चितवनमा सम्पन्न भइरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशन केवल एउटा दलको आन्तरिक कार्यक्रममा सीमित रहेन, बरु यसले नेपालको समकालीन राजनीतिमा नयाँ बहसको ढोका खोल्ने अवसर पनि प्रदान गरेको छ । महाधिवेशनमा मधेश केन्द्रित दुई प्रमुख राजनीतिक शक्तिका नेता जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले व्यक्त गरेका विचारहरूले संविधान संशोधन, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिलाई राष्ट्रिय एजेन्डाका रूपमा पुनः स्थापित गर्ने संकेत दिएका छन्।

नेपालको संविधान जारी भएको एक दशक पुग्न लाग्दा यसको कार्यान्वयन र प्रभावकारिताबारे बहस स्वाभाविक रूपमा तीव्र बन्दै गएको छ । संविधानले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिताजस्ता ऐतिहासिक उपलब्धिहरू संस्थागत गरे पनि विभिन्न समुदायका अपेक्षा र असन्तुष्टिहरू पूर्ण रूपमा सम्बोधन हुन सकेका छैनन् । विशेषतः मधेश, आदिवासी, जनजाति, दलित तथा अन्य सीमान्तकृत समुदायहरूले अझै पनि प्रतिनिधित्व, पहुँच र अधिकार सुनिश्चितताको सवाल उठाइरहेका छन्। यही यथार्थलाई औंल्याउँदै उपेन्द्र यादवले संविधानका अपूर्ण पक्षहरू संशोधन गर्नुपर्ने आवश्यकता दोहोर्‍याएका छन् ।

संविधान संशोधनको विषय नेपालमा प्रायः विवाद र ध्रुवीकरणको केन्द्र बन्ने गरेको छ । तर यसलाई केवल राजनीतिक स्वार्थ वा सत्ता समीकरणको दृष्टिले नभई लोकतन्त्रलाई अझ परिपक्व, समावेशी र उत्तरदायी बनाउने प्रक्रियाका रूपमा हेर्न आवश्यक छ । कुनै पनि संविधान अन्तिम दस्तावेज हुँदैन; समय, समाज र जनआकांक्षाअनुसार परिमार्जन हुँदै जानु लोकतान्त्रिक अभ्यासको सामान्य प्रक्रिया हो। त्यसैले संविधान संशोधनको बहसलाई राष्ट्रविरोधी वा व्यवस्थाविरोधी रूपमा चित्रित गर्नु भन्दा त्यसको आवश्यकता र औचित्यमाथि गम्भीर विमर्श हुनु जरुरी छ ।

यद्यपि संविधान संशोधन मात्र सबै समस्याको समाधान होइन । संविधानले अधिकार दिन सक्छ, तर ती अधिकारको व्यवहारिक प्रत्याभूति सुशासन र प्रभावकारी कार्यान्वयनबाट मात्र सम्भव हुन्छ । आज मुलुक भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती, बेरोजगारी र विकासको असमानताजस्ता समस्याबाट ग्रस्त छ । लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य छन् । देशभित्र उत्पादन, उद्योग र उद्यमशीलताको वातावरण कमजोर छ । यस्तो अवस्थामा संविधान संशोधनसँगै आर्थिक रूपान्तरण र रोजगारी सिर्जनालाई पनि समान महत्व दिनुपर्छ भन्ने यादवको भनाइ सान्दर्भिक देखिन्छ।

डा. सीके राउतले व्यक्त गरेको धारणा पनि यसै सन्दर्भमा महत्वपूर्ण छ। उनले आफूलाई प्रतिस्पर्धी होइन, परिवर्तनको सहयात्रीका रूपमा प्रस्तुत गर्दै राजनीतिक सहकार्यको आवश्यकता औंल्याएका छन् । नेपालको राजनीति लामो समयदेखि आरोप-प्रत्यारोप, ध्रुवीकरण र शक्ति संघर्षमा अल्झिएको छ। जनताले अपेक्षा गरेको विकास, सुशासन र सेवा प्रवाहको विषय भने सधैं ओझेलमा परेको अनुभूति हुन्छ। यस्तो अवस्थामा विभिन्न राजनीतिक शक्तिहरूले साझा राष्ट्रिय मुद्दामा सहकार्य गर्ने संस्कृतिको विकास हुनु सकारात्मक संकेत हो।

विशेषगरी मधेशको सन्दर्भमा विकासको असमानता, अवसरको अभाव र राज्यप्रतिको विश्वासको संकट अझै पूर्ण रूपमा अन्त्य हुन सकेको छैन। मधेशवादी आन्दोलनले उठाएका धेरै मुद्दा संविधानमा समेटिए पनि व्यवहारमा ती समुदायहरूले अपेक्षित परिणाम पाएका छैनन्। त्यसैले मधेशका नेताहरूले राष्ट्रिय मञ्चबाट सामाजिक न्याय, समावेशी शासन र आर्थिक अवसरको कुरा उठाउनु केवल क्षेत्रीय माग होइन, समग्र राष्ट्रको लोकतान्त्रिक स्वास्थ्यसँग जोडिएको विषय हो।

रास्वपाको महाधिवेशनमा फरक राजनीतिक पृष्ठभूमिका नेताहरूले साझा रूपमा सुशासन, सामाजिक न्याय र समृद्धिको मुद्दा उठाउनु नेपाली राजनीतिका लागि एउटा अवसर पनि हो। यसले पुराना राजनीतिक विभाजनभन्दा माथि उठेर साझा राष्ट्रिय लक्ष्य तय गर्न सकिन्छ भन्ने सन्देश दिएको छ। तर भाषण र घोषणाभन्दा महत्वपूर्ण कुरा व्यवहारिक कार्यान्वयन हो। संविधान संशोधन, सुशासन र समृद्धिको नारा जनताले धेरै पटक सुनेका छन्, अब उनीहरू परिणाम हेर्न चाहन्छन्।

आज नेपाललाई आवश्यक परेको कुरा केवल नयाँ राजनीतिक दल वा नयाँ अनुहार मात्र होइन, नयाँ राजनीतिक संस्कार हो। त्यस्तो संस्कार जसले संवादलाई टकरावभन्दा माथि राखोस्, समावेशितालाई नारामा सीमित नराखोस्, र विकासलाई चुनावी भाषणको विषय मात्र नबनाओस्। यदि संविधान संशोधन, सामाजिक न्याय, सुशासन र आर्थिक समृद्धिलाई साँच्चिकै साझा राष्ट्रिय एजेन्डा बनाउन सकियो भने त्यसले लोकतन्त्रलाई मात्र बलियो बनाउने छैन, नागरिकको भविष्यप्रतिको भरोसासमेत पुनः स्थापित गर्नेछ।

नेपालको राजनीति अहिले त्यही मोडमा उभिएको छ, जहाँ परिवर्तनको आकांक्षालाई परिणाममा रूपान्तरण गर्न सक्ने नेतृत्व, स्पष्ट दृष्टि र साझा राष्ट्रिय प्रतिबद्धताको आवश्यकता छ। चितवनबाट उठेको यो बहस त्यस दिशामा एउटा सकारात्मक संकेत बन्न सक्छ, यदि यसलाई भाषणमै सीमित नराखी व्यवहारमा उतार्ने राजनीतिक इच्छाशक्ति देखाइयो भने।

# मौन आँसुको विकासे समाजशास्त्र



डा.शोभाकर पराजुली

मधेस प्रदेशको कथा कुनै साधारण बजेटको कथा होइन । यो त्यहाँ बस्ने मानिसको मौन आँसु, अधुरा सपना र वर्षौंदेखि परिवर्तनको चाहना हुँदाहुँदै पनि परिवर्तन हुन नसकेको जीवनको गहिरो सामाजिक-आर्थिक यथार्थको कथा हो । कागजमा हेर्दा विगत १० वर्षमा यस प्रदेशमा लगभग ३५० देखि ४५० अर्ब रुपैयाँ बजेट खर्च भएको देखिन्छ ।

प्रत्येक वर्ष विकासका नाममा करिब ४० देखि ५० अर्ब रुपैयाँ विनियोजन हुने गरेको छ । यो रकम सुन्दा निकै ठूलो लाग्छ, तथ्याङ्कमा पनि प्रभावशाली देखिन्छ । तर, यही ठूलो रकमको पछाडि एउटा प्रश्न बारम्बार मनलाई घोच्छ- यति धेरै पैसा खर्च हुँदा पनि जनताको जीवनबाट उज्यालो किन टाढा छ ?

मधेसका गाउँमा बिहान सबेरै उठ्ने किसान आज पनि उही पुराना दुःख, संघर्ष र अनिश्चितताबीच जीवन बिताइरहेका छन् । उनीहरूसँग खेत छ, मेहनत छ, पसिना छ, तर पसिनाको उचित मूल्य छैन । कहिले सिँचाइको अभाव, कहिले मलको संकट, कहिले बजारको अन्याय त कहिले बिचौलियाको दबाबले उनीहरूको सपना वर्सेनि कमजोर बनाइरहेको छ ।

बजेटका दस्तावेजमा कृषिलाई प्राथमिकता दिइएको लेखिन्छ, योजना बन्छन्, भाषण हुन्छन्, उद्घाटन गरिन्छ, तर वास्तविक जीवनमा किसानले त्यसको स्थायी लाभ निकै कम मात्र पाउँछन् । उनीहरूलाई विकास कतै कागजमै सीमित भएको जस्तो लाग्छ, जुन अझै खेतसम्म पुगेको छैन ।

त्यही गाउँमा एउटा युवा पुस्ता पनि छ, जसले आफ्नो गाउँमा भविष्य देख्न छाडेको छ । करिब १० देखि १३ प्रतिशत बेरोजगारीको तथ्याङ्क त केवल औपचारिक संख्या मात्र हो, वास्तविक कथा त उसको जीवन हो । उसले हरेक दिन आफ्नो उमेर बढ्दै गएको, जिम्मेवारी थपिँदै गएको तर अवसर घट्दै गएको देख्छ ।

राहदानी बनाउने सपना, एजेन्टसँगको सम्पर्क, विदेश जाने टिकट, अनि अन्त्यमा आमाबुबाको आँखामा लुकेको आँसु- यिनैबीच उसको भविष्य घुमिरहेको हुन्छ । विकासका योजना बने, बजेट आयो, कार्यक्रम सञ्चालन भए, तर उसको सपना आफ्नै देशमा टिक्न सकेन । उसलाई आफ्नो माटो प्रिय छ, तर अवसर भने परदेशमा देखिन थालेको छ ।

अस्पतालको ढोकामा उभिएकी एक आमा छिन्, जसको काखमा बिरामी बच्चा छ । उनका आँखामा डर, थकान र अनिश्चितता छ । मनमा हजारौं प्रश्न छन् । आज उपचार पाइन्छ कि पाइँदैन ? डाक्टर भेटिन्छ कि भेटिँदैन ? औषधि उपलब्ध हुन्छ कि हुँदैन ?

बजेटमा स्वास्थ्य क्षेत्रको उल्लेख छ, अस्पतालका भवन छन्, स्वास्थ्य चौकी छन्, नीति र योजना छन्, तर ती आमाका लागि यी सबै शब्द मात्र बनेका छन् ।

जब उनको बच्चा पीडाले छट्पटाउँछ, तब कागजमा लेखिएको विकासले उसको पीडा कम गर्न सक्दैन । कतिपय अवस्थामा समयको अभाव, सेवाको कमी र सुविधाको दूरीले उनलाई हार मान्न बाध्य बनाउँछ र त्यो हार कतै पनि प्रतिवेदनमा लेखिँदैन ।

विद्यालयको कक्षामा एउटा सानो बालक छ, जसले ठूला सपना देखेको हुन्छ । ऊ डाक्टर बन्न चाहन्छ, इन्जिनियर बन्न चाहन्छ, शिक्षक बन्न चाहन्छ । तर उसको विद्यालयमा स्रोत-साधनको अभाव छ । शिक्षक कम छन्, पुस्तक कम छन्, प्रयोगशाला छैन, डिजिटल शिक्षा त अझ टाढाको कुरा हो । ऊ मोबाइल र इन्टरनेटको संसारको सपना देख्छ, तर उसको वास्तविक संसार चक, डस्टर र पुराना बेन्चसम्म सीमित छ ।

उसलाई शिक्षा नै भविष्य निर्माणको आधार हो भन्ने विश्वास छ, तर उसको वरिपरिको प्रणालीले बारम्बार सम्झाइरहन्छ कि सपना देख्नु सजिलो छ, तर पूरा गर्नु कठिन ।

यसैबीच नेपालको साक्षरताको अवस्था पनि गहिरो सामाजिक विभाजनको प्रतिबिम्ब बनेको छ । काठमाडौं, ललितपुर र भक्तपुरजस्ता सहरी क्षेत्रमा साक्षरता दर ८० देखि ८५ प्रतिशतभन्दा माथि छ । त्यहाँका बालबालिका पुस्तक, इन्टरनेट, तालिम र अवसरसँग नजिक छन् ।

तर मधेसको रौतहटमा साक्षरता दर करिब ५८ देखि ६० प्रतिशत, महोत्तरीमा ६० देखि ६२ प्रतिशत तथा सिरहा र सप्तरीमा ६१ देखि ६६ प्रतिशतको हाराहारीमा छ । यो अन्तर केवल तथ्याङ्कको अन्तर होइन, यो अवसरको अन्तर हो, भविष्यको अन्तर हो ।

जहाँ साक्षरता कम छ, त्यहाँ विकासको उज्यालो ढिलो पुग्छ । मानिसहरूले नीति बुझ्न सक्दैनन्, आफ्ना अधिकार चिन्न सक्दैनन्, सेवासम्म पहुँच कठिन हुन्छ । जहाँ साक्षरता बढी छ, त्यहाँ योजना छिटो बुझिन्छ, सेवा सहज प्राप्त हुन्छ, अवसरलाई छिटो समात्न सकिन्छ र जीवनको गति तीव्र हुन्छ । त्यसैले एउटै देशभित्र दुई फरक यथार्थ निर्माण भएका छन् । एकातिर तीव्र विकासको अनुभूति, अर्कोतिर संघर्षको निरन्तरता ।

विगत १० वर्षमा मधेस प्रदेशमा ठूलो बजेट खर्च भयो- करिब ३५० देखि ४५० अर्ब रुपैयाँ । औसतमा हरेक वर्ष ४० देखि ५० अर्ब रुपैयाँको बजेट विनियोजन भयो । त्यसमध्ये करिब ५० देखि ६० प्रतिशत सडक, पुल, भवन र भौतिक पूर्वाधारमा खर्च गरियो । १५ देखि १८ प्रतिशत शिक्षा क्षेत्रमा, १० देखि १२ प्रतिशत स्वास्थ्य क्षेत्रमा तथा बाँकी कृषि, प्रशासन र अन्य क्षेत्रमा खर्च गरियो । तर मूल प्रश्न अझै उही छ, यति धेरै खर्चपछि पनि अपेक्षित परिणाम किन देखिएन ?

किनभने विकास केवल पैसाको खेल होइन । विकास कार्यान्वयन क्षमता, अनुगमन प्रणाली र सेवाको पहुँचको विषय हो । भवन बनाउँदैमा जीवन परिवर्तन हुँदैन । सडक बनाउँदैमा अवसर स्वतः सिर्जना हुँदैन । अस्पताल बनाउँदैमा सेवा प्रभावकारी हुँदैन । आज पनि धेरै गाउँहरू अन्धकारमै छन् । विकासको चमक कागजमा निकै उज्यालो देखिए पनि साँझ परेपछि गाउँको जीवन मौन बन्छ । त्यो मौनताभित्र प्रश्न उठ्छ- हामी कहाँ छौँ ? हाम्रो विकास कहाँ छ ?

यो असफलताको कथा केवल सरकारको मात्र होइन, सम्पूर्ण प्रणालीको कथा हो । योजना बन्यो, तर कार्यान्वयन कमजोर रह्यो । बजेट आयो, तर परिणामको मूल्याङ्कन भएन । खर्च भयो, तर प्रभाव देखिएन । विकास लेखियो, तर जीवन बदलिएन । कहिलेकाहीँ विकासको सबैभन्दा ठूलो दुःख यही हुन्छ । सबै कुरा हुन्छ, तर सबैका लागि हुँदैन ।

विश्वका अनुभवहरूले देखाएका छन् कि जहाँ शिक्षा र साक्षरता बढेको छ, त्यहाँ विकासको गति स्वतः तीव्र भएको छ । भारतका केही राज्यहरूमा साक्षरता बढेपछि सडक, रोजगारी र स्वास्थ्य सेवामा उल्लेखनीय सुधार भएको देखियो । विकसित राष्ट्रहरूले शिक्षालाई नै विकासको मुख्य आधार माने ।

तर मधेसमा आज पनि प्रश्न उही छ- यति धेरै बजेट खर्च हुँदा पनि आमाको आँसु किन रोकिएन ? युवा किन परदेश जान बाध्य छन् ? किसानको पसिना अझै किन मूल्यहीन छ ? बालबालिकाका सपना किन अधुरा छन् ?

यी प्रश्नहरूको उत्तर सजिलो छैन, तर स्पष्ट छ । विकास केवल पैसा होइन- यो क्षमता हो, पहुँच हो, सेवा हो र सबैभन्दा ठूलो कुरा भरोसा हो । मधेस प्रदेशको भविष्य समाप्त भएको छैन । तर यसलाई बदल्न केवल बजेट बढाउनु पर्याप्त छैन ।

आवश्यक छ कि बजेटले किसानको जीवन बदलोस्, युवालाई आफ्नै देशमा अवसर प्रदान गरोस्, आमालाई अस्पतालमा डर होइन भरोसा दिओस्, र बालबालिकालाई आफ्नै गाउँमा भविष्य देख्ने शक्ति प्रदान गरोस् । जब त्यो दिन आउनेछ, तब विकासले साँच्चिकै आँसु रोक्नेछ । र, त्यही दिन मधेसको कथा केवल पीडाको कथा रहनेछैन, बरु सफलता, आत्मसम्मान, अवसर र उज्यालोको नयाँ इतिहास बन्नेछ ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मधुमेहका बिरामीले खान हुन्छ अनार ?



काठमाडौँ । गुलियो फलफूलले रगतमा चिनीको मात्रा बढाउँला कि भनेर मधुमेहका बिरामीहरू प्रायः चिन्तित हुन्छन् । तर अनार एउटा यस्तो फल हो जुन मधुमेहका बिरामीहरूले आफ्नो आहारमा सीमामा रहेर समावेश गर्न सक्छन् ।

अनारमा फाइबर, एन्टिअक्सिडेन्ट, भिटामिन र खनिजहरू हुन्छन्, जुन शरीरको लागि लाभदायक मानिन्छ । फाइबर हुने भएकोले रगतमा चिनीमा अचानक वृद्धिको जोखिम कम गर्न सक्छ ।

***कुन राम्रो हो: अनारको जुस कि फल ?***

अनार कुनै पनि रूपमा थोरै मात्रामा सेवन गर्न सकिन्छ, तर अनारको जुस पिउनुको सट्टा सम्पूर्ण फल खानु राम्रो हुन्छ । यसले शरीरलाई बढी फाइदा पुऱ्याउन सक्छ, किनकि रसमा चिनीको मात्रा बढी हुन्छ ।

***रगतको कमी हटाउन अनार मात्र खानुहुन्छ ?***

अनारलाई रगतको कमीबाट पीडित मधुमेहका बिरामीहरूका लागि लाभदायक मानिन्छ । अनारमा धेरै मात्रामा आइरन नभए पनि, यसले शरीरलाई आवश्यक पोषक तत्त्व र एन्टिअक्सिडेन्ट प्रदान गर्दछ । त्यसैले, यसलाई सन्तुलित आहारको हिस्साको रूपमा समावेश गर्न सकिन्छ । यदि कोही एनीमियाबाट पीडित छ भने अनार मात्रै खाएर समस्या पूर्ण रूपमा समाधान हुँदैन; आइरन, फोलेट र भिटामिन बी१२ युक्त खानेकुराहरू खानु पनि जरुरी छ ।

***एनीमिया हटाउने खानेकुरा***

एनीमिया हटाउन, पालुङ्गो र मेथी जस्ता हरियो पत्तादार तरकारीहरू, दाल, छोला, किसमिस, काउली, गुड, तिल, खजूर, किसमिस, अण्डा, माछा र अन्य आइरनयुक्त खानेकुराहरू आहारमा समावेश गर्नुपर्छ । थप रूपमा, सुन्तला, अमला र अम्बा जस्ता भिटामिन सी युक्त फलफूलहरू खानु पनि फाइदाजनक छ, किनकि तिनीहरूले शरीरमा आइरन अवशोषण सुधार गर्न मद्दत गर्छन् ।

***कार्बोहाइड्रेट सेवनप्रति रहनुपर्छ सचेत***

मधुमेहका रोगीहरूले कुनै पनि फलफूल सन्तुलित मात्रामा खानु र कुल कार्बोहाइड्रेट सेवनको निगरानी गर्नु महत्त्वपूर्ण छ । अनारको मध्यम मात्रामा सेवन सामान्यतया सुरक्षित मानिन्छ, तर यदि रगतमा चिनी नियन्त्रण कमजोर छ वा तपाईँलाई अन्य स्वास्थ्य समस्याहरू छन् भने, डाक्टर वा आहारविद्सँग परामर्श गर्नु राम्रो हुन्छ । यसबाहेक, सन्तुलित आहार, परीक्षण र स्वस्थ जीवनशैलीको माध्यमबाट मधुमेह र रक्तअल्पता दुवैलाई राम्रोसँग व्यवस्थापन गर्न सकिन्छ । एजेन्सीको सहयोगमा

# मधेशमा गहुँ उत्पादनमा भारी गिरावट

दैनिक समाचारदाता

जनकपुरधाम, ८ असार । देशकै प्रमुख गहुँ उत्पादन क्षेत्र मानिने मधेश प्रदेशमा चालु आर्थिक वर्षमा गहुँ उत्पादनमा उल्लेखनीय गिरावट आएको छ। प्रतिकूल मौसम, पर्याप्त सिँचाइको अभाव, गुणस्तरीय बीउबिजनको कमी तथा रोग-कीराको प्रकोपका कारण किसानले अपेक्षित उत्पादन प्राप्त गर्न नसकेको कृषि अधिकारीहरूले बताएका छन्।



मधेश प्रदेश कृषि निर्देशनालय, नक्टाझिज (धनुषा) का अनुसार यस वर्ष प्रदेशभर एक लाख ७३ हजार ७३२ हेक्टर क्षेत्रफलमा गहुँ खेती गरिएको छ। प्रतिहेक्टर औसत ३.१८ मेट्रिक टन उत्पादनका दरले कुल पाँच लाख ४३ हजार १६० मेट्रिक टन गहुँ उत्पादन भएको छ।

गत वर्ष भने एक लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा खेती गरिएको गहुँबाट सात लाख ३१ हजार मेट्रिक टन उत्पादन भएको थियो। यस आधारमा चालु वर्ष गहुँ उत्पादनमा करिब एक लाख ८८ हजार मेट्रिक टनले कमी आएको देखिन्छ।

कृषि क्षेत्रका जानकारहरूका अनुसार जलवायु परिवर्तनको प्रभाव, सिँचाइ पूर्वाधारको कमजोरी तथा आधुनिक कृषि प्रविधिको सीमित प्रयोग उत्पादन घट्नुका प्रमुख कारण हुन्।

यस वर्ष प्रदेशका आठ जिल्लामध्ये धनुषामा सबैभन्दा बढी गहुँ उत्पादन भएको छ। धनुषामा ३३ हजार ५०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.९४ मेट्रिक टनका दरले ९८ हजार ४९० मेट्रिक टन गहुँ उत्पादन भएको मधेश प्रदेश कृषि निर्देशनालयका बागबानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

उनका अनुसार सप्तरीमा ८२ हजार ३२० मेट्रिक टन, महोत्तरीमा ७२ हजार ८०० मेट्रिक टन, बारामा ७१ हजार ९२० मेट्रिक टन, सर्लाहीमा ६९ हजार ५९६ मेट्रिक टन, पर्सामा ५९ हजार ८५२ मेट्रिक टन तथा रौतहटमा ५२ हजार ७४१ मेट्रिक टन गहुँ उत्पादन भएको छ। सबैभन्दा कम उत्पादन सिरहा जिल्लामा भएको छ। त्यहाँ १४ हजार १७६.४८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.५१ मेट्रिक टनका दरले ३५ हजार ४४१ मेट्रिक टन गहुँ उत्पादन भएको तथ्यांकले देखाएको छ।

मधेश प्रदेश कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादवका अनुसार समयमा सिँचाइ सुविधा उपलब्ध हुन नसक्नु, उन्नत बीउबिजनको अभाव तथा अनुकूल मौसम नहुनु उत्पादन घट्नुका मुख्य कारण हुन्। उनले आधुनिक कृषि प्रविधि, गुणस्तरीय बीउ तथा प्रभावकारी सिँचाइ प्रणालीको पहुँच विस्तार गर्न सके आगामी वर्ष उत्पादन वृद्धि गर्न सकिने विश्वास व्यक्त गरे।

कृषि प्रधान मानिने मधेश प्रदेशमा गहुँ उत्पादनमा आएको गिरावटले खाद्य सुरक्षासँगै किसानको आम्दानीमा समेत प्रत्यक्ष असर पार्ने चिन्ता बढाएको छ। कृषि क्षेत्रको दिगो विकासका लागि सिँचाइ, बीउबिजन, अनुसन्धान र प्रविधिमा समयमै लगानी गर्नुपर्ने आवश्यकता विज्ञहरूले औँल्याएका छन्।

# अमेरिकी कम्पनीमाथि चीनको प्रतिबन्ध

काठमाडौँ ८ असार । अमेरिका र चीनबिच प्रविधि तथा रक्षा क्षेत्रमा बढ्दो प्रतिस्पर्धाबिच बेइजिङले १० अमेरिकी कम्पनीमाथि नयाँ निर्यात नियन्त्रण घोषणा गरेको छ। वासिङ्टनले चिनियाँ कम्पनीहरूलाई कालोसूचीमा राखेपछि चीनले त्यसको प्रतिकारस्वरूप रक्षा तथा दुर्लभ पृथ्वी खनिज क्षेत्रमा संलग्न अमेरिकी कम्पनीहरूलाई लक्षित गर्दै प्रतिबन्धात्मक कदम चालेको हो।



चीनको वाणिज्य मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा अमेरिकी सरकारले चिनियाँ कम्पनीहरूलाई तथाकथित 'चिनियाँ सैन्य उद्यम सूची' मा समावेश गरेको कदमको प्रतिक्रियास्वरूप नयाँ निर्यात नियन्त्रण लागू गरिएको जनाएको छ । मन्त्रालयका अनुसार यो निर्णय राष्ट्रिय सुरक्षाको संरक्षणका लागि समेत आवश्यक ठानिएको हो।

यस कदमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटपछि सम्बन्ध सुधारको प्रयास गरिरहेको एक महिनापछि नयाँ तनाव सिर्जना गरेको छ । दुवै देशले व्यापार शुल्क घटाउने सहमति गरे पनि प्रविधि, रक्षा र सुरक्षा क्षेत्रका विवाद भने निरन्तर बढिरहेका छन्।

यस महिनाको सुरुआतमा अमेरिकाले चिनियाँ सेनासँग सम्बन्ध रहेको आरोप लगाउँदै ८० वटा चिनियाँ कम्पनी र तिनका सहायक संस्थालाई कालोसूचीमा राखेको थियो। उक्त सूचीमा प्रविधि कम्पनी अलिबाबा र बाइडुका साथै विद्युतीय सवारी निर्माता बीवाईडी समेत समावेश भएपछि चीनले प्रतिकारात्मक कदम चाल्ने सङ्केत दिएको थियो।

चीनले प्रतिबन्ध लगाएका कम्पनीहरूमा अमेरिकी रक्षा तथा एयरोस्पेस क्षेत्रसँग आबद्ध एभिओक्स र ओस्कोश डिफेन्स रहेका छन्। ओस्कोश डिफेन्स अमेरिकी सैन्य सवारी उत्पादनमा संलग्न कम्पनी हो भने एभिओक्सले अमेरिकी सेनासँग रक्षा सम्झौताहरू गर्दै आएको छ।

त्यसैगरी अमेरिकी दुर्लभ पृथ्वी खनिज उत्पादक एमपी मटेरियल्स र युएसए रेयर अर्थ पनि नयाँ सूचीमा परेका छन्। चीनले सूचीबद्ध संस्थाहरूलाई दोहोरो प्रयोगमा आउने वस्तु तथा सामग्री निर्यात गर्न प्रतिबन्ध लगाएको छ।

वाणिज्य मन्त्रालयले सूचीमा रहेका कम्पनीहरूसँग सम्बन्धित सबै निर्यात गतिविधि तत्काल रोक्न निर्देशन दिएको छ । चीनमा उत्पादित दोहोरो प्रयोगका सामग्री कुनै पनि देश वा क्षेत्रका संस्था तथा व्यक्तिमार्फत ती कम्पनीहरूलाई उपलब्ध गराउन पनि रोक लगाइएको मन्त्रालयले जनाएको छ।

यसैबिच चीनको वित्त मन्त्रालयले सार्वजनिक खरिदमा संलग्न सरकारी निकायहरूलाई ४६ अमेरिकी कम्पनीका उत्पादन खरिद गर्न प्रतिबन्ध लगाउने घोषणा गरेको छ । प्रतिबन्धमा लकहिड मार्टिन, रेथियोन र बोइङको रक्षा विभागका उत्पादनहरू पनि समावेश छन् ।

जनरल डायनामिक्स, एन्डुरिल इन्डस्ट्रिजका केही विभाग तथा विभिन्न एयरोस्पेस कम्पनीहरू पनि प्रतिबन्धित सूचीमा परेका छन् । यद्यपि चीनमा सञ्चालन गरिरहेका अमेरिकी लगानी भएका कम्पनीहरूलाई भने यी उपायबाट बाहिर राखिएको वित्त मन्त्रालयले जनाएको छ । नयाँ नियम सोमबारदेखि लागू भएको छ ।

चीनले यसअघि पनि ताइवानलाई अमेरिकी हतियार बिक्री गरेको आरोपमा सन् २०२४ र २०२५ मा तीमध्ये केही अमेरिकी कम्पनी र तिनका सहायक संस्थामाथि प्रतिबन्ध लगाइसकेको थियो ।

ताइवानले बेइजिङबाट बढ्दो सैन्य र राजनीतिक दबाब सामना गर्न अमेरिकाको सहयोगमा ठुलो निर्भरता राख्दै आएको छ । चीनले ताइवानलाई आफ्नो भूभागको हिस्सा मान्दै आएको छ र आवश्यक परे बल प्रयोग गर्न सक्ने चेतावनी पनि दिँदै आएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले यस महिनामात्र ताइवानका लागि प्रस्ताव गरिएको १४ अर्ब अमेरिकी डलर बराबरको हतियार प्याकेज समीक्षा प्रक्रियामा रहेको बताएका थिए।

मे महिनामा सी जिनपिङसँगको भेटपछि राष्ट्रपति ट्रम्पले सार्वजनिक रूपमा अमेरिका-चीन सम्बन्ध सुधारको सन्देश दिन खोजेका थिए। गत साता फ्रान्समा सम्पन्न जी-७ सम्मेलनका क्रममा उनले इरानसँगको अमेरिकी द्वन्द्वमा तटस्थ भूमिका अपनाएको भन्दै चिनियाँ नेतृत्वको प्रशंसा पनि गरेका थिए।

यद्यपि पछिल्ला प्रतिबन्धात्मक कदमहरूले विश्वका दुई ठूला अर्थतन्त्रबीचको व्यापार, प्रविधि र सुरक्षा प्रतिस्पर्धा अझ तीव्र बन्दै गएको सङ्केत गरेका छन्। रासस

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# धनुषामा जिल्ला बाल सञ्जाल गठन

दैनिक समाचारदाता
जनकपुरधाम, ८ असार । बालबालिकाको शिक्षा अधिकार, सहभागिता र नेतृत्व विकासलाई सशक्त बनाउने उद्देश्यले धनुषामा जिल्ला बाल सञ्जाल गठन गरिएको छ ।

जिल्ला समन्वय समिति धनुषा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सवाल नेपाललगायत विभिन्न संघसंस्थाको संयुक्त आयोजनामा सम्पन्न 'शिक्षा अधिकार विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम'पछि बाल सञ्जाल गठन गरिएको हो ।

सञ्जाल गठनका लागि सम्पन्न निर्वाचनमा मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दास प्रमुख निर्वाचन अधिकृत तथा सिजेन्द्र सदा र सुभद्रा आले सदस्य रहेको निर्वाचन समितिले प्रक्रिया सम्पन्न गरेको थियो ।

निर्वाचनबाट शिवकुमार सदा अध्यक्ष, आकाश पाठक उपाध्यक्ष, नन्दनी साह सचिव तथा लक्ष्मी मल्लिक सहसचिवमा निर्वाचित भएका छन् । त्यसैगरी प्रिन्स यादव, कामना कुमारी महतो, आशि कुमार महतो, सुभाष कुमार मण्डल, रुबी कुमारी साह, समिर राइन, दीपिका झा, अभिषेक



यादव, श्रृतीकुमारी पाण्डे, राखी साह, चाहत कुमारी दास, पत्रिका कुमारी महरा, वैष्णवी कुमारी साह, नविन झा, धिरज ठाकुर, आशिष ठाकुर र अमृत कुमार पासमान सदस्यमा निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

जिल्ला समन्वय समिति धनुषाका अध्यक्ष राजनन्दन मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षा क्षेत्रमा बालबालिकाको अर्थपूर्ण सहभागिता, गुणस्तरीय शिक्षामा पहुँच र बालअधिकारको संरक्षणका विषयमा व्यापक छलफल भएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष राजेश कुमार कर्ण, दलित पत्रकार संघ नेपाल मधेश प्रदेशका अध्यक्ष कैलास दास, इन्सेक प्रदेश संयोजक राजु पासमान, दलित महिला संघका सिजेन्द्र सदा तथा एकल महिला समूहकी सुभद्रा आलेलगायत वक्ताहरूले नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना दिँदै शिक्षाको विकास, बालमैत्री वातावरण निर्माण र बालअधिकार सुनिश्चितताका लागि सञ्जालले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा सवाल नेपालका निरबहादुर आलेले शिक्षा अधिकारसम्बन्धी मधेश प्रदेश सरकारको नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयन अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए । सहभागीहरूले शिक्षाको गुणस्तर सुधार, विद्यालयमा बालमैत्री वातावरण निर्माण तथा नीतिगत सुधारमा बालबालिकाको आवाजलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याएका थिए।

आयोजकका अनुसार नवगठित जिल्ला बाल सञ्जालले बालबालिकाको शिक्षा, अधिकार, नेतृत्व विकास र सामाजिक सहभागितासम्बन्धी सवाललाई संस्थागत रूपमा उठाउँदै स्थानीय तहदेखि प्रदेशस्तरसम्म वकालत गर्ने अपेक्षा गरिएको छ।

# तराईमा तातो हावा र पहाडमा वर्षाको सम्भावना

दैनिक समाचारदाता
काठमाडौँ ८ असार । जल तथा मौसम विज्ञान विभागले सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराईका केही क्षेत्रमा तातो हावा (हिटवेभ) चल्ने सम्भावना रहेको जनाएको छ ।

विभागले सार्वजनिक गरेको दैनिक मौसम पूर्वानुमानअनुसार गण्डकी र बागमती प्रदेशका तराई भू-भागमा भने तापमान बृद्धिको अनुमान गरिएको छ । देशका विभिन्न पहाडी र हिमाली जिल्लामा भने मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको जनाएको छ ।

पोखरा, काठमाडौं, ओखलढुङ्गा, धनकुटा, विराटनगर, धरान, जिरी र ताप्लेजुङलगायतका क्षेत्रमा मध्यम वर्षा हुन सक्ने पूर्वानुमान छ ।

विभागका अनुसार, काठमाडौँ उपत्यकामा आज दिउँसो तथा राति मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना ४० प्रतिशत रहेको छ । उपत्यकाको अधिकतम तापक्रम २९ देखि ३१ डिग्री सेल्सियस तथा न्यूनतम तापक्रम १९ देखि २१ डिग्री सेल्सियस रहने अनुमान छ ।

यता धनगढीमा ३८ देखि ४० र नेपालगञ्जमा ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न सक्ने पूर्वानुमान गरिएको छ । वीरगञ्ज, भैरहवा र घोराहीमा गर्मी र चर्को घाम रहने छ ।

विभागले तातो लहरको प्रभाव पर्ने क्षेत्रमा अत्यावश्यक काम बाहेक दिउँसो घाममा धेरै समय नबस्न र प्रशस्त पानी पिउन तथा जन स्वास्थ्य सुरक्षाका उपाय अपनाउन आग्रह गरेको छ ।

# राष्ट्रिय आर्थिक गणना सम्पन्न



दैनिक समाचारदाता
काठमाडौँ, ८ असार । देशभर वैशाख २ गतेदेखि सञ्चालन गरिएको राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सोमबार आयोजित पत्रकार सम्मेलनमार्फत गणनाको प्रगति तथा आगामी कार्ययोजनाबारे जानकारी दिएको हो।

कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेका अनुसार 'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने नारासहित देशको समग्र आर्थिक अवस्थाको यथार्थ चित्र तथ्याङ्कीय आधारमा प्राप्त गर्ने उद्देश्यले गणना सञ्चालन गरिएको थियो।

उनले गणनाबाट प्राप्त तथ्याङ्कको डाटा कोडिङ तथा इन्ट्री कार्य आगामी चार महिनाभित्र सम्पन्न गरिने तथा त्यसपछिका छ महिनादेखि क्रमशः नतिजा सार्वजनिक गरिने जानकारी दिए।

आर्थिक गणनामार्फत उद्योग, व्यापार, सेवा क्षेत्र तथा निजी एवं सार्वजनिक संघ-संस्थाको संख्या, भौगोलिक वितरण, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण संकलन गरिएको छ।

प्रवक्ता लामिछानेका अनुसार प्राप्त तथ्याङ्कले देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को अनुमानलाई थप सुदृढ बनाउन, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न तथा नीति निर्माण, योजना तर्जुमा र विकास लक्ष्यहरूको मूल्याङ्कनमा महत्वपूर्ण सहयोग पुग्नेछ।

गणना कार्यमा तीन हजार ९०७ गणक, ५२६ सुपरिवेक्षक, जिल्ला स्तरमा ५०४ जना व्यवस्थापन समूह तथा केन्द्र स्तरमा ५३ सदस्यीय व्यवस्थापन समूह परिचालन गरिएको थियो।

# रास्वपाको बन्द सत्र आजका लागि स्थगित

दैनिक समाचारदाता
काठमाडौं ८ असार । रास्वपाको बन्द सत्र आजका लागि स्थगित भएको छ ।

महाधिवेशन प्रतिनिधिमा थपघट र मधेश प्रदेशमा देखिएको विवादका कारण बन्द सत्र सुरु हुन नसकेको हो ।

रास्वपाका स्रोतका अनुसार, आजका लागि बन्द सत्रका कार्यक्रम स्थगित गरेर विवादका विषयहरू टुंगो लगाउनेगरी तयारी गरिएको हो ।

बन्द सत्रमा सहभागी हुन बिहानैदेखि महाधिवेशन प्रतिनिधिहरू पुगेका थिए । उनीहरू दिनभर कुरेर बसे पनि अन्तिम समयमा बन्द सत्र स्थगित भएको हो ।

# आँप महोत्सवमा....

स्थानीय कृषकको उत्पादनलाई बजारसँग जोड्ने तथा कृषि पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरिएको थियो।

आयोजकका अनुसार महोत्सवले स्थानीय कृषकलाई उत्पादन बिक्रीका लागि सहज अवसर उपलब्ध गराउनुका साथै चित्रपुर क्षेत्रलाई आँप उत्पादन र कृषि पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न टेवा पुऱ्याएको छ।

# कक्षा १२ को नतिजामाथि विद्यार्थीको प्रश्न

दैनिक समाचारदाता
काठमाडौँ, ८ असार । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा परीक्षा सम्पन्न भएको ४० दिनभित्र सार्वजनिक गरे पनि नतिजाको विश्वसनीयता माथि विद्यार्थीहरूले गम्भीर प्रश्न उठाएका छन्।

बोर्डले प्रकाशित गरेको नतिजा अस्वाभाविक र त्रुटिपूर्ण रहेको दाबी गर्दै असन्तुष्ट विद्यार्थीहरूले निष्पक्ष मूल्याङ्कन र पारदर्शी प्रक्रियाको माग गरेका छन्। उनीहरूका अनुसार परीक्षा राम्रो हुँदाहुँदै पनि अपेक्षाभन्दा निकै कम ग्रेड प्राप्त भएको छ।

विद्यालयको आन्तरिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने कतिपय विद्यार्थीले बोर्ड परीक्षामा अंग्रेजी र भौतिक विज्ञानजस्ता विषयमा 'सी प्लस' मात्र पाएको वा 'नन-ग्रेडेड' भएको गुनासो गरेका छन्। एक विद्यार्थीले करिब ७० अंक बराबरका प्रश्न हल गरेको दाबी गर्दै 'सी प्लस' मात्र प्राप्त भएको बताइन्। अर्की एक परीक्षार्थीले सबै प्रश्नको सही उत्तर लेख्दा पनि आफूलाई 'नन-ग्रेडेड' गरिएको आरोप लगाइन्।

नतिजाप्रति असन्तुष्टि जनाउँदै एक विद्यार्थीले भनिन्, "विद्यालयको परीक्षामा सधैँ राम्रो नतिजा आउँथ्यो, तर बोर्ड परीक्षामा अंग्रेजी विषयमा अपेक्षाभन्दा निकै कम ग्रेड आयो। मेरो परीक्षा निकै राम्रो भएको थियो।"

विद्यार्थीहरूले उत्तरपुस्तिका परीक्षणमा लापरबाही भएको आशंका व्यक्त गर्दै पुनर्योग (रिटोटलिङ) र पुनःपरीक्षण (रिचेकिङ) प्रक्रियालाई सहज र सुलभ बनाउन माग गरेका छन्। उनीहरूका अनुसार हाल कायम रहेको पुनर्योग शुल्क एक हजार रुपैयाँ र पुनःपरीक्षण शुल्क दुई हजार रुपैयाँ आर्थिक रूपमा कमजोर परिवारका लागि ठूलो बोझ बनेको छ।



न्यायको माग गर्दै आन्दोलनका लागि अनुमति लिन भक्तपुरस्थित जिल्ला प्रशासन कार्यालय पुग्दा आफूहरूलाई राष्ट्रिय परीक्षा बोर्डमा पठाइएको र बोर्ड पुग्दा सम्बन्धित अधिकारीसँग भेट हुन नसकेको गुनासोसमेत विद्यार्थीहरूले गरेका छन्।

गत वैशाख १४ देखि २७ गतेसम्म सञ्चालन भएको कक्षा १२ को परीक्षामा एक लाख चार हजार ७११ जना विद्यार्थी 'नन-ग्रेडेड' भएका छन्। बोर्डका अनुसार ३८ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको छ भने दुई जनालाई एक वर्षसम्म बोर्डका कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाही गरिएको छ।

असार ५ गते सार्वजनिक नतिजाप्रति असन्तुष्ट विद्यार्थीहरूले शान्तिपूर्ण आन्दोलनका लागि प्रशासनलाई जानकारी गराइसकेका छन्। साथै, नतिजामा चित्त नबुझ्ने विद्यार्थीले असार १२ गतेभित्र अनलाइनमार्फत पुनर्योगका लागि आवेदन दिन सक्ने व्यवस्था गरिएको छ।

यता, राष्ट्रिय परीक्षा बोर्डका सदस्यसचिव जंगबहादुर अर्यालले भने नतिजामा कुनै त्रुटि नभएको बताएका छन्। उनका अनुसार उत्तरपुस्तिका परीक्षणदेखि सम्परीक्षणसम्मका सम्पूर्ण काम शिक्षकहरूबाट हुने भएकाले बोर्डले समन्वयकारी भूमिका मात्र निर्वाह गर्छ।

यसैबीच, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन ( अनेरास्ववियु) ले पनि नतिजा त्रुटिपूर्ण तथा गैरजिम्मेवार ढंगले सार्वजनिक गरिएको आरोप लगाउँदै बोर्डको ध्यानाकर्षण गराएको छ। अध्यक्ष दीपक धामी नेतृत्वको टोलीले सोमबार बुझाएको ज्ञापनपत्रमा नतिजा प्रकाशनको हतारमा कोडिङ र डिकोडिङ प्रक्रियामा लापरबाही भएको आशंका व्यक्त गरिएको छ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४